कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय सुर्खेत

कार्यालय कोड नं. ३०७०२६८०४६

बसन्तबाबु श्रेष्ठ
डिभिजनल वन अधिकृत
क.स.नं. १७४८३९

"व्यवसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"

प.सं.: ०८१/०८२ (योजना) च.नं. मिति २०८१/११/२०

## आयोजनाको प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मिति २०८१/११/२०

प्रस्तुत विषयमा डिभिजन वन कार्यालय सुर्खेत, वीरेन्द्रनगरबाट आ.व. ०८२/०८३ मा कार्यान्वयन हुने आयोजना/योजना/कार्यक्रमको प्रस्ताव पेश गर्नुहुन स्थानीय तह/सरोकारवालाहरुलाई कर्णाली प्रदेश सरकारको आयोजनाको प्रस्ताव तथा छनौट प्रक्रिया सम्बन्धी कार्यविधि २०८१ को दफा ४ उपदफा (१) बमोजिम यो १० (दश) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**प्रस्तावको लागि प्राथमिकता तोकिएका क्षेत्रहरु**

कार्यविधिको अनुसूची-२ अनुसार यस कार्यालयले कार्यान्वयन तथा सम्पादन गर्ने विषयगत क्षेत्र र उपक्षेत्रहरुः

| क्र.सं. | प्रमुख विषय क्षेत्र | उपक्षेत्रहरु | प्रस्तावित क्षेत्रहरु |
|---|---|---|---|
| १ | आर्थिक क्षेत्र | उद्योग | वीरेन्द्रनगर न.पा., |
| | | पर्यटन | भेरीगंगा न.पा, |
| | | वन तथा जैविक विविधता | गुर्भाकोट न.पा., |
| २ | अन्तरसम्बन्धित क्षेत्र | वातावरण तथा जलवायु परिवर्तन | लेकवेशी न.पा., |
| | | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन | सिम्ता गा.पा. र |
| | | अनुसन्धान र अनुगमन तथा मूल्याङ्कन | चिङ्गाड गा.पा. |

**तोकिएका शर्तहरुः**

१. प्रस्ताव तयार गर्दा कार्यविधिको अनुसूची-२ बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ।
२. प्रस्ताव माग गर्दा दोहोरो नपर्ने गरी आवश्यकताको आधारमा माग गर्नुपर्नेछ।
३. प्रस्ताव माग गर्दा आयोजनाको लागत रकमको सिमा कार्यविधिको दफा ५ उपदफा (१) बमोजिम सडक र भवन पूर्वाधार तर्फका आयोजनाको हकमा तीस लाख र सो बाहेक अन्य आयोजनाको हकमा पन्ध्र लाख भन्दा कम लागत रकम भएका आयोजना छनौट प्रक्रियामा लगिने छैन।
४. कार्यविधिको दफा ५ उपदफा (३) बमोजिम जनसहभागितामा सञ्चालन हुने आयोजनाको हकमा प्रस्तावकले आयोजनाको लागतको न्यूनतम् बीस प्रतिशत श्रोत व्यहोर्ने प्रतिवद्धता जनाएको हुनुपर्नेछ।

**प्रस्ताव पेश गर्ने स्थानः डिभिजन वन कार्यालय सुर्खेत, वीरेन्द्रनगर**

**प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०८१/१२/०१**

थप जानकारीका लागि कार्यालयको वेभ पोर्टल www.dfosurkhet.gov.np र सम्पर्क नं. ९८५८०७३२५५ (व.व.अ. चित्रण शर्मा), ९८५८०७८५५९ (व.व.अ. प्रशान्त श्रेष्ठ)

वरिष्ठ वन अधिकृत

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय सुर्खेत

कार्यालय कोड नं. ३०७०२६८०४६

"व्यवसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"

प.सं.: ०८१/०८२ (योजना) च.नं. १६६२ मिति २०८१/११/२०

विषयः आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धमा।

श्री वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुर्खेत।

श्री भेरीगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुर्खेत।

श्री गुर्भाकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुर्खेत।

श्री लेकवेशी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुर्खेत।

श्री सिम्ता गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सुर्खेत।

श्री चिङ्गाड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सुर्खेत।

प्रस्तुत सन्दर्भमा यस कार्यालयको मिति २०८१/११/२० गतेको आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धी १० दिने सार्वजनिक सूचना यसै पत्रसाथ संलग्न राखी पठाईएको बेहोरा अनुरोध छ। कर्णाली प्रदेश सरकारको आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ को दफा ४ (३) बमोजिम "सूचना अवधिमा प्रदेश सरकारको अधिकार क्षेत्रको विषयमा सम्बन्धित स्थानीय तहले आफ्नो क्षेत्रमा कुनै आयोजना पहिचान गरी उक्त आयोजना प्रदेश सरकारबाट कार्यान्वयन गराउन आवश्यक र उपयुक्त ठानेमा कार्यपालिकाबाट निर्णय गराई सम्बन्धित कार्यालयमा आयोजना माग प्रस्ताव पेश गर्नुपर्ने छ" भन्ने व्यवस्था बमोजिम तहाँ स्थानीय तहमा प्रदेश सरकारबाट कार्यान्वयन गराउन आवश्यक र उपयुक्त आयोजनाहरु कर्णाली प्रदेश सरकारको आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी मिति २०८१/१२/०१ गते भित्र आयोजना माग प्रस्ताव पेश गर्नु हुन अनुरोध छ।

(हस्ताक्षर)
वरिष्ठ वन अधिकृत

(हस्ताक्षर)
२०८१।११।२०
बसन्तबाबु श्रेष्ठ
डिभिजनल वन अधिकृत
क.स.नं. १७४८३९

CamScanner

कर्णाली प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय सुर्खेत

कार्यालय कोड नं. ३०७०२६८०४६

"व्यवसायिक र सिर्जनशिल प्रशासनः विकास, समृद्धि र सुशासन"

प.सं.:०८१/०८२ (योजना/सा.व.) च.नं. १६०६ मिति २०८१/११/२१

विषयः आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धमा।

मा. श्री यमलाल कंडेलज्यू, मुख्यमन्त्री, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सुर्खेत।

मा. श्री नन्दा गुरुङ्गज्यू, सभामुख, प्रदेश सभा सचिवालय, सुर्खेत।

मा. श्री खड्ग बहादुर पोखेलज्यू, प्रदेश सभा सदस्य, प्रदेश सभा सचिवालय, सुर्खेत।

मा. श्री कृष्ण बहादुर जि.सी.ज्यू, प्रदेश सभा सदस्य, प्रदेश सभा सचिवालय, सुर्खेत।

मा. श्री जानकी सिंहज्यू, प्रदेश सभा सदस्य, प्रदेश राभा सचिवालय, सुर्खेत।

मा. श्री सन्तोषी शाहीज्यू, प्रदेश सभा सदस्य, प्रदेश सभा सचिवालय, सुर्खेत।

मा. श्री वलिमाया बुढाज्यू, प्रदेश सभा सदस्य, प्रदेश सभा सचिवालय, सुर्खेत।

प्रस्तुत सन्दर्भमा यस कार्यालयको मिति २०८१/११/२० गतेको आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धी १० दिने सार्वजनिक सूचना यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ। कर्णाली प्रदेश सरकारको आयोजनाको प्रस्ताव तथा छनौट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ को दफा ४ (४) बमोजिम "सूचना अवधिमा सम्बन्धित जिल्लाका प्रदेश सभा सदस्यले आफ्नो निर्वाचन क्षेत्र भित्र कुनै आयोजना संचालन गर्न आवश्यक र उपयुक्त ठानेमा सोको प्रस्ताव प्रदेशको सम्बन्धित विषयगत कार्यालयमा पेश गर्न सक्नेछ" भन्ने व्यवस्था बमोजिम यहाँको निर्वाचन क्षेत्रमा कार्यान्वयन गराउन आवश्यक र उपयुक्त आयोजनाहरु कर्णाली प्रदेश सरकारको आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी मिति २०८१/१२/०१ गते भित्र आयोजना माग प्रस्ताव पेश गर्नुहुन सादर अनुरोध छ।

वरिष्ठ वन अधिकृत

२०८१।११।२१
बसन्तबाबु श्रेष्ठ
डिभिजनल वन अधिकृत
क.स.नं. १७४८३९

इत्राम, वीरेन्द्रनगर न.पा. ७, सु